का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ७०
- ११ बैशाख २०७७, बिहीबार
- 23 April 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ४५ जना | ७ जना | ९०११ | ९५ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २५ लाख ७९ हजार | ७ लाख ५ हजार | एक लाख ७९ हजार | १६ लाख ९५ हजार |

# संक्रमण तेस्रो चरणमा

## संक्रमित संख्या ४५ पुग्यो, उदयपुरमा मात्रै २७ संक्रमित

**गएको चैत ११ गतेदेखि महामारी रोकथामका लागि देशब्यापी लकडाउन जारी गरिएको छ। लकडाउनकै अवधिमा उदयपुरमा संक्रमित संख्या बढ्दै गएको छ। उदयपुरको संक्रमणलाई स्वास्थ्यकर्मीहरूले तेस्रो चरणको संक्रमण भएको जनाएका छन्। यसलाई खतराका रूपमा लिइन्छ।**



डोटीको दिपायल सिलगढी नगरपालिकाले नगरभित्र रहेका विपन्न तथा आर्थिक अवस्था कमजोर भएकालाई राहत वितरण शुरू गरेपछि दिपायलस्थित राजपुरमा राहत लिन आएका सर्वसाधारण। *तस्वीरः विमलबहादुर विष्ट*

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० वैशाख

नेपालमा थप तीन जनामा कोरोना संक्रमण देखिएको छ। धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा गरिएको पीसीआर प्रतिवेदनले संक्रमण पुष्टि गरेको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी थप तीन जनामा कोरोना संक्रमण देखिएको जनाएको छ।

मन्त्रालयका अनुसार, २४, ६० र ७२ वर्षका पुरुषमा संक्रमण देखिएको हो। यो सँगै, नेपालमा संक्रमण हुनेको संख्या ४५ पुगेको छ। उदयपुरमा मात्रै २७ जनामा संक्रमण देखिएको छ। उदयपुरमा ११ जनामा कोरोना देखिएको थियो।

संक्रमित व्यक्तिहरु मस्जिदमा भेटिएका हुन्। एउटै समूहमा रहेका उनीहरुमा संक्रमण देखिएको थियो। त्यस पछि गरिएको परीक्षणमा ती व्यक्तिहरुबाट वरपरका समुदायमा समेत संक्रमणे भेटिएको छ।

**पहिलो चरण**
- विदेशबाट फर्किएकामा देखिनु

**दोस्रो चरण**
- विदेशबाट फर्किएको परिवारमा देखिनु

**तेस्रो चरण**
- समुदायस्तरमा देखिनु

स्वास्थ्य विद्हरुलाई यसलाई संक्रमणको तेस्रो चरण भनेको छ। पहिलो चरणको संक्रमणका रुपमा विदेशबाट आएका व्यक्तिमा संक्रमण देखिनुलाई मानिन्छ। दोस्रो चरण भने ती व्यक्तिको परिवारमा देखिनु हो भने तेस्रो चरण भने समुदाय स्तरको संक्रमणलाई मानिन्छ। तेस्रो चरणको संक्रमणलाई खतराका रुपमा समेत मानिन्छ। किनभने, यसले समुदायको एक व्यक्तिबाट अर्कोमा सर्ने गर्दछ। अहिले उदयपुरलाई सिल गरिएको छ। प्रदेश नम्बर एक सरकारले उदयपुरलाई सिल गर्ने निर्णय गरेको हो। प्रदेश सरकारको निर्णयअनुसार, उदयपुर सिल गरिएको छ।

### भुल्केमा उपकरण अभाव

तीव्र रूपमा कोरोना भाइरस फैलिएर २७ संक्रमित पुगेको उदयपुर जिल्ला त्रियुगा नगरपालिका-३ भुल्के क्षेत्र र त्रियुगा नगर आसपास क्षेत्रमा अहिले थप अन्य व्यक्तिको जाँच गर्ने उपकरण अभाव भएको छ।

जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार तीव्ररूपमा भुल्के र त्रियुगा क्षेत्रमा कोरोनाको सङ्क्रमण फैलदै गएको भए पनि सबै स्थानीय नागरिकको स्वाब नमूना सङ्कलन गर्न विभिन्न उपकरणको अभाव हुँदा समस्या रहेको हो।

स्वास्थ्य कार्यलय उदयपुरका प्रमुख मोहन सुवेदीका अनुसार उदयपुरको मात्र नभएर नेपालकै कोरोना सङ्क्रमणको केन्द्रविन्दु बनेको भुल्के गाउँमा अहिले ५६ घर मुस्लिम र अन्य समुदायका २२५ घर गरेर झण्डै ६५० जनसङ्ख्या रहेको छ तर अहिलेसम्म प्रदेश जनस्वास्थ्य विभागबाट ६९ र नेपाली सेनाबाट २५० गरेर ३१९ जनाको मात्र स्वाब नमूना सङ्कलन गरिएको स्वास्थ्य कार्यालय उदयपुरले बताएको छ। तीन सय १९ जनाको स्वाब नमूना परीक्षण गर्दा २४ मा सङ्क्रमण देखिएका कारण अन्य स्थानीय बासिन्दाको पनि स्वाब नमूना सङ्कलन गर्नुपर्ने देखिएको र दबाब भए पनि सोहीअनुसार आइरहेको स्वास्थ्य कार्यालय उदयपुरले बताएको छ।

कोरोनासम्बन्धी स्वाब नमूना सङ्कलन गर्ने कुनै उपकरण नभएको कारण प्रदेश र सङ्घीय सरकारको मुख ताक्नुबाहेक विकल्प नरहेको पनि स्वास्थ्य कार्यलय उदयपुरका प्रमुख सुवेदी बताउँछन्। अहिले भुल्केवासी र गाईघाट बजारवासीले दिनानुदिन कोरोनाको सङ्क्रमण स्थानीयवासीमा देखिने र पुष्टि हुँदै गएपछि छिटोभन्दा छिटो सबै अन्य स्थानीयवासीको पनि स्वाब नमूना बाँकी पृष्ठ २ मा

# ओलीद्वारा प्रष्टीकरण, प्रचण्ड मौन

**नेकपा स्थापना दिवसको अवसर पारेर प्रधानमन्त्री केपी शर्मा ओली र पार्टीका कार्यकारी अध्यक्ष प्रचण्डले सांसदहरूसँग छलफल गरेका छन्। पार्टी स्थापना दिवसको छुट्टा-छुट्टै बक्तव्य दिएका ओली-प्रचण्डले प्रदेश स्तरीय छलफल शुरू गरेका छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० वैशाख



प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी स्थापना दिवसका अवसरमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सांसद्हरुसँग प्रदेशगत रुपमा छलफल गरेका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा जारी छलफलमा बुधबार सुदूरपश्चिम प्रदेशका सांसद्हरु सहभागी भएका थिए।

छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशबारे अनावश्यक आशंका नगर्न आग्रह गरेका छन्। मन मिले कानूनले कुनै असर नपार्ने प्रधानमन्त्री ओलीले बताएका थिए। प्रधानमन्त्री ओलीले यो नेकपा विभाजनका लागि नभएर अन्य दलका सांसदहरुलाई स्वतन्त्र बनाइदिन अध्यादेश ल्याएको बताएका छन्। प्रदेश सातको सांसदहरुको बाँकी पृष्ठ २ मा

# विपक्षी दलहरुको एकैमत

## तत्काल संसद बैठकको माग

**काठमाडौं/मस–** प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको केन्द्रीय मुख्यालय सानेपामा विपक्षी दलहरुको बैठक बसेको छ। सानेपामा बसेको विपक्षी दलहरुको बैठकले सरकारले ल्याएको दुवै अध्यादेश फिर्ता गर्न माग गरेका छन्। अध्यादेशले लोकतान्त्रिक मूल्य र मान्यता समाप्त पारेको उल्लेख गरेकाले फिर्ता लिनुको विकल्प नभएको निष्कर्ष निकालेका छन्।

काँग्रेसका सहमहामन्त्री प्रकाशशरण महतले विपक्षी दलहरु एक ठाउँ उभिएको बताएका छन्। सोमबार सरकारले राजनीतिक दल विभाजन गर्ने प्रावधान खुकुलो पार्ने र संवैधानिक परिषदले विपक्षी दलको अनुपस्थितिमा समेत निर्णय लिन सक्नेगरी अध्यादेश ल्याएको छ। यी दुवै अध्यादेशको विपक्षी दलहरुले छुट्टा-छुट्टै विज्ञप्ति मार्फत् विरोध जनाइसकेका छन्।

समाजवादी पार्टी नेपाल, राष्ट्रिय जनता पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका नेताहरु सहित काँग्रेसले छलफल गरेको थियो। बैठकमा नेताहरुले प्रधानमनत्री ओली निरंकु बाटोमा अघि बढ्न खोजेको निष्कर्ष समेत निकालेको छ। जनविरोधी कदम विरुद्ध अर्को बैठक चाँडै नै बोलाउने र त्यसमा नागरिक समाजका बाँकी पृष्ठ २ मा

**COVID-19 NOVEL CORONA VIRUS (nCOV)**

**जनहितका लागि जारी जनचेतनामूलक सन्देश**

**नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु**

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

**नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।**

**कसरी आफू बच्ने र अरुलाई बचाउने ?**


- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

### वैदेशिक रोजगार पत्रकार समाजद्वारा भिडियो कन्फरेन्स

# कामदारलाई सुरक्षित राख्ने पहिलो प्राथमिकता



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० वैशाख

खाडी तथा मलेसियास्थित नेपाली राजदूतहरुले कोरोना भाइरस (कोभिड १९) संक्रमणको कारण नेपाली कामदारहरुमाथि परेको प्रभावबारे समीक्षा गरेका छन्। बुधबार उनीहरुले डिजिटल कन्फरेन्स मार्फत एक आपसमा सम्पर्क गरी आ-आफ्नो मुलुकमा रहेका नेपाली कामदाहरुको अवस्थाकाबारेमा जानकारी आदान प्रदान गरेका हुन्।

वैदेशिक रोजगार पत्रकार समाजले बुधबार साँझ गरेको डिजिटल कन्फरेन्समा ओमानका लागि नेपाली राजदूत शर्मिला ढकालले बुधबार भएको राजदूतहरुको समीक्षा अनुसार संक्रमणको दरसँगै रोजगारी गुम्ने त्रास पनि वृद्धि भएकोले अवस्था गम्भीर स्थितितर्फ उन्मुख भएको पाइएको बताइन्। उनले भनिन्, 'नेपाली कामदारलाई कसरी सुरक्षित गर्ने भन्ने नै हालको चिन्ता देखिएको छ, भविष्यमा रोजगारी गुमाएर स्वदेश फर्किंदाको अवस्थामा उनीहरुको सीप र नेपालमा रोजगारीको सम्भावना कति छ भनेर समीक्षा गरिहाल्नुपर्ने अवस्था देखियो।'

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्ड अनुसार विना भेदभाव कोरोना संक्रमितलाई उपचार गरिने गरेकाले संक्रमितहरुको उपचारमा समस्या नरहेको र लकडाउन समाप्त भएपछि नेपाली कामदारहरुलाई स्वदेश फर्किन समस्या पर्ने भन्दै उनले हालदेखि नै त्यसको तयारी शुरु गरिनु बुद्धिमानी हुने बताइन्।

त्यस्तै बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले सानो मुलुक भएको र रोजगारदाताहरुले पनि कामदारलाई फराकिलो स्थान दिन नसक्ने भएका कारण त्यहाँ आप्रवासी कामदारहरु साँघुरो अवस्थामा बस्नुपर्ने बाध्यता रहेको बताए। उनले संक्रमितहरुको संख्या बढेको हुनसक्ने भन्दै उपचारमा भने चिन्ता लिनुपर्ने अवस्था नरहेको जानकारी दिए।

गैर आवासीय नेपाली संघ (एनआरएन)का सचिव आरके शर्माले कोरोनाका कारण आगामी दिन भयग्रस्त हुने टिप्पणी गर्दै पीडित कामदारहरुको उद्धारका लागि एनआरएन वा स्थानीय समाजसेवी संस्थाहरुको भर नपर्न सुझाव दिए। उनले भने, 'हाल समस्यामा परेकाहरुलाई सामाजिक संघ संस्थाले खानेकुरा बाँडिरेका छन्, भविष्यका दिनमा यसले पुग्दैन, वैदेशिक रोजगार बोर्डमा रहेको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदीमा होटललाई क्वारेन्टाइन बनाएपछि कामदारहरुमा संत्रास

**काठमाडौं/मस–** साउदी सरकारले पर्यटक बस्ने सुविधा सम्पन्न तारे होटलहरुलाई कोरोना भाइरस प्रभावितहरुको उपचारका लागि क्वारेन्टाइनका रुपमा प्रयोग गर्न शुरू गरेपछि त्यहाँ कार्यरत कतिपय नेपाली कामदारहरुले सुरक्षा चुनौती बढेको बताएका छन्।

सुरक्षित ठानिएका होटलमा कोरोना संक्रमितको उपचार हुन थालेपछि काम गर्न नसक्ने भनी नेपाली कामदारहरुले नेपाली राजदूतावासमा गुनासो टिपाउन थालेको रियादस्थित नेपाली दूतावासले जनाएको छ।

दूतावासले नेपाली कामदारहरुको गुनासो र समस्या सम्बन्धमा होटल व्यवस्थापनसँग कुराकानी गरिएको जनाएको छ। जवाफमा होटलहरुले काम गर्ने सबैको सुरक्षाका लागि सरकारको निगरानी र निर्देशन अनुसार सावधानीका आवश्यक सबै उपायहरु अवलम्वन गरेको र कुनै समस्या नभएको जानकारी दिएको पनि दूतावासले जनाएको छ।

साउदीमा ३ लाख ३४ हजार ५ सय ४१ नेपाली बाँकी पृष्ठ २ मा

# आज १५ औं लोकतन्त्र दिवस

**काठमाडौं/मस-** आज १५ औं लोकतन्त्र दिवस मनाइँदै छ । २०६२/०६३ को जनआन्दोलनबाट राजतन्त्रको अन्त्य भएको दिनलाई लोकतन्त्र दिवसका रुपमा मनाउँदै आइएको छ । तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम २०५९ जेठ ८ गते विघटन भएको संसद् २०६३ वैशाख ११ गते पुनःस्थापना गरेको दिनलाई लोकतन्त्र दिवसको रुपमा स्मरण गर्ने गरिन्छ ।



सशस्त्र युद्ध गरिरहेको माओवादी र राजनीतक दलहरुका बीचमा १२ बुँदे सहमतिपछि भएको १९ दिने आन्दोलनले आजकै दिन राजतन्त्रको अन्त्य गरेको थियो। यही आन्दोलनमार्फत सशस्त्र जनयुद्ध गरिरहेको माओवादीको शान्ति प्रक्रियामा आगमन भएको हुँदा यो आन्दोलनको नेपाली राजनीतिमा विशेष महत्व रहेको छ ।

नारायणहिटी दरवार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्र शाहले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने श्रृङ्खला चलाए । राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गरेका थिए ।

शासन सत्ता आफ्नै हातमा लिएका ज्ञानेन्द्रले केही नेताहरुलाई जेल हाले । सात दल र सशस्त्र युद्धरत नेकपा माओवादीबीच भएको १२ बुँदे समझदारीअनुसार ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध आन्दोलन चर्कियो । राजधानी काठमाडौंमा मानवसागर उर्लियो। आन्दोलनमा दुई दर्जन बढीको ज्यान गयो ।

अन्ततः राजा ज्ञानेन्द्र घुँडा टेक्न बाध्य भए र जनताको नासो जनतालाई नै फिर्ता गरेको घोषणा गरे । आन्दोलनरत दलले तयार पारेकै मस्यौदाका आधारमा ज्ञानेन्द्रले ०६३ वैशाख ११ गते राति संसद पुनःस्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गरे । त्यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ ।

२०६३ जेठ ४ गते बसेको पुनःस्थापित संसद बैठकले राजदरवारको अधिकार कटौती गर्‍यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गर्‍यो । २०६३ मंसिर ११ मा माओवादी हतियार बिसाउँदै शान्तिपूर्ण राजनीतिमा आयो ।

यसैको जगमा २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्ष लामो राजसंस्थाको विधिवत् अन्त्य गर्दै मुलुकमा गणतन्त्र स्थापना भएको ऐतिहासिक घोषणा गर्‍यो ।

लोकतन्त्र स्थापनाको १५ वर्षमा संविधानको निर्माण, गणतन्त्रको घोषणा, संघीय, समावेशी र समानुपतिकको व्यवस्था भएका छन् । परिवर्तन संस्थागत भएपनि भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुन नसक्दा जनताले परिवर्तन महशुष गर्न नसकेको गुनासो गर्ने गरेका छन् ।

## आज आमाको मुख हेर्ने दिन

# माताातीर्थ मेला स्थगित

**काठमाडौं/मस-** नौ महिनासम्म गर्भमा राखेर जन्म दिने आमालाई सम्मान गर्न वैशाख कृष्णऔँसीका दिन आज आमाको मुख हेर्ने दिनका रुपमा मनाइँदैछ । जीवित आमालाई मीठो खान लाउन दिई सम्मान गरिन्छ भने दिवङ्गत आमाको सम्झनामा तर्पण, पिण्ड दान र श्राद्ध गरी सम्झना गरिन्छ । आजका दिन मातृश्राद्ध गरे अक्षय पुण्य प्राप्त भई आमाले तृप्ति पाउने शास्त्रमा उल्लेख गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउँछन् ।



'शास्त्रमा बाबुभन्दा आमा दशगुणा बढी मान्य हुन्छिन् भनी व्याख्या गरिएको छ, 'मातृदेवो भवः' भनेर सबैभन्दा पहिले भनिन्छ, त्यसपछि मात्र 'पितृदेवो भवः', 'आचार्यदेवो भवः' भनिन्छ, यसैबाट शास्त्रले आमालाई महत्व दिएको स्पष्ट हुन्छ' उनले भने 'कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवती' अर्थात् छोरा कुपुत्र भए पनि आमा कहिल्यै कुआमा हुँदिनन् भन्ने भनाइ नै छ ।

जीवित अथवा दिवङ्गत दुवै आमाको तृप्तिका लागि आजको दिनलाई पुण्यतम पर्व मानिन्छ । आजका दिन काठमाडौँको पश्चिमी भेगमा रहेको मातातीर्थमा आमाको सम्झनामा श्राद्ध गर्ने गरिन्छ। बौद्ध धर्मावलम्बी समेत यहाँ दिवङ्गत आमाको सम्झनामा श्राद्ध गर्न आउँछन् ।

मुलुकका विभिन्न भागबाट आएका दर्शनार्थीले मातातीर्थका धारामा स्नान गरी माताको मन्दिरमा पूजा गरेर कुण्डमा दिवङ्गत आमाको मुख हेर्ने गर्दछन् ।

आजको दिन मातातीर्थमा रोटी खसेको र उक्त रोटी खसेको ठाउँमा दिवङ्गत आमाका मुख देखेको जनविश्वास छ। द्वापर युगमा गाई चराउन गोठालो आएका ग्वालाले खाजाका लागि ल्याएको रोटी कुण्डमा खसेपछि हेर्दा दिवङ्गत आमाको मुख देखेर रुन थालेका थिए । संयोगले त्यो दिन वैशाख कृष्ण औँसीको दिन परेको थियो ।

कुण्डमा देखिएकी आमाले ती ग्वालालाई नरोऊ प्रत्येक वर्ष वैशाख कृष्ण औँसीका दिन हामी दिवङ्गत माता यहाँ आउँछौँ भनेपछि त्यसैबेलादेखि मेला लाग्न थालेको मातातीर्थ संरक्षण तथा विकास समितिका सल्लाहकार भाइकृष्ण बलामीले जानकारी दिए । आमा हुनेहरूले आजका दिन आफूलाई मन पर्ने मीठा मीठा खानेकुरा र वस्त्र आमा लगायत गुरुआमा, सासू र काकीहरूलाई दिने र आशीर्वाद ग्रहण गर्छन् ।

मेला स्थगित

प्रत्येक वर्ष वैशाख कृष्ण औँसीका दिन चन्द्रागिरी नगरपालिकाको मातातीर्थमा जन्म दिने आमाप्रति श्रद्धास्वरुप तर्पण, पिण्डदान, श्राद्ध गर्न लाग्ने मेला नहुने भएको छ । कोरोना भाइरसको संक्रमणबाट बच्न जारी बन्दाबन्दीका कारण मेला स्थगन गरिएको मातातीर्थ संरक्षण तथा विकास संस्थाका अध्यक्ष शान्त उदासले जानकारी दिए ।

अघिल्ला वर्षमा आजका दिन माताततीर्थमा लाखौं भक्तजनको भीड लाग्ने गर्थ्यो । मातातीर्थ कुण्डमा स्नान गरी आमाको नाममा तर्पण, पिण्डदान एवं श्राद्ध गरेमा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । समितिले स्थानीयवासीलाई समेत मन्दिरमा गएर भीडभाड नगर्न पनि भनेको छ ।

# श्रमजीवी पत्रकारलाई पारिश्रमिक दिन समितिको आग्रह

नेपाल सरकार
न्यूनतम पारिश्रमिक निर्धारण समिति
Minimum Wage Fixation Committee
सिंहदरबार, काठमाडौं

काठमाडौं/मस- न्यूनतम पारिश्रमिक निर्धारण समितिले कोरोना भाइरसको जोखिमका बीच कार्यरत पत्रकार र कामदारलाई कतिपय सञ्चार गृहले समयमा पारिश्रमिक नदिएको र जागिरबाट समेत हटाउने काम गरेकामा गम्भीर चासो व्यक्त गरेको छ ।

समितिका अध्यक्ष राजेन्द्र अर्यालले बुधबार विज्ञप्ति जारी गरी यस्तो विषय स्थितिमा कार्यरत्र पत्रकारलाई समयमा पारिश्रमिक नदिँदा र सेवाबाट हटाउँदा पत्रकार र कर्मचारीहरु आर्थिक समस्या झेल्न बाध्य भएकाले उनीहरुको दैनिकी सञ्चालनमा कठिनाइ आएको उल्लेख गरेका हुन् ।

'श्रमजीवी पत्रकार, कामदार र कर्मचारीलाई कामबाट हटाउने कार्य तत्काल रोक्न र पारिश्रमिक नपाएका पत्रकारलाई अविलम्ब पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित सञ्चारगृहलाई आग्रह गरिन्छ ।' अध्यक्ष अर्यालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अहिलेको संकटपूर्ण अवस्थामा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी जस्तै जोखिम मोलेर जनतालाई सुसूचित गर्न अहोरात्र कार्य क्षेत्रमा खटिएका पत्रकार, फोटो पत्रकार, कर्मचारीको आवश्यक स्वास्थ्य परीक्षण गरी सुरक्षा सुनिश्चितताका लागि आग्रह गर्दछौं ।'

# १९ एसपीको एसएसपीमा बढुवा सिफारिस

**काठमाडौं/मस-** नेपाल प्रहरीको १९ प्रहरी उपरीक्षक (एसपी) लाई प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) मा बढुवाका लागि सिफारिस गरिएको छ। गृहसचिव महेश्वर न्यौपानेको अध्यक्षतामा मंगलबारको बढुवा सिफारिस समितिको बैठकले उनीहरुलाई एसएसपीमा बढुवाका लागि सिफारिस गरेको हो । प्रहरी नियमावली २०७१ (संशोधनसहित) को नियम २७ को उपनियम (४) को प्रावधानअनुसार सिफारिस गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

बढुवा सिफारिस हुने एसपीमा वीरेन्द्रकुमार बस्याल, जनक भट्टराई, विष्णुकुमार केसी, भरतबहादुर बोहरा, कुँवेर कठायत, केदार ढकाल, अशोक सिंह, सुदीप गिरी, दुर्गा सिंह, रवीन्द्र केसी, राजेशनाथ बाँस्तोला, किरण थापा र नवराज भट्ट रहेका छन् ।

यस्तै लालमणि आचार्य, यज्ञविनोद पोखरेल, हृदय थापा, राजकुमार बैदवार, मुकेशकुमार सिंह, चन्द्रबहादुर कुवेरलाई पनि बढुवाका लागि सिफारिस गरिएको प्रहरी अतिरिक्त महानिरीक्षक शैलेश थापा क्षेत्रीले जानकारी दिए। नेपाल प्रहरीमा उक्त बढुवाको लागि गृहसचिवको अध्यक्षतामा प्रहरी महानिरीक्षक सदस्य र प्रहरी अतिरिक्त महानिरीक्षक शैलेश थापा क्षेत्री सदस्य सचिव रहेको सिफारिस समिति छ ।

# काठमाडौंबाट २५ सय मेलुङवासीको उद्धार

## विदुर शर्मा एक्लैले व्यहोरे २० लाख

**काठमाडौं/मस-** जिल्ला समन्वय समिति दोलखाका सदस्य तथा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता विदुर शर्मा र बागमती प्रदेश सचिवालय सदस्य शंकर लामाको मुख्य पहलमा लकडाउनका कारण काठमाडौंमा अलपत्र परेका दोलखा जिल्ला मेलुङवासी (मजदुर, विद्यार्थी, विपन्न, असहाय तथा श्रमिक वर्ग) करिब पच्चीस सयलाई गाउँ फर्काउने अभियान सफल भएको छ । उनीहरुलाई गाउँ फर्काउन करिब २२ लाख रुपैयाँ खर्च भयो भएको थियो। जसमा शर्मा एक्लैले २० लाख ६० हजार व्यहोरेका छन्।




उक्त अभियान सफल भएपछि भक्तपुरको गठ्ठाघरमा आयोजित पत्रकार सम्मेलनमा शर्माले आफूहरुले यही बैशाख ८ र ९ गते गरी दुई दिन लगाएर ५५ वटा यात्रुवाहक बसमा उनीहरुलाई कुशलतापूर्वक घर पुर्‍याईएको जानकारी दिए । उनले भने, 'नेकपाको ईमानदार कार्यकर्ता र जिल्ला समन्वय समिति दोलखाको सदस्य समेत भएको नाताले यो कार्यमा मैले सकेको भूमिका निर्वाह गरेको छु । संकटको यो घडीमा मेलुङ गाउँपालिकावासीलाई निःशुल्क यातायातको व्यवस्थासहित घर पठाउने अभियानमा ५५ वटा यात्रूवाहक बस रिजर्भ गरेबापतको २२ लाख भाडा खर्चमध्ये मैले २० लाख ६० हजार व्यक्तिगत रुपमा व्यहोर्ने निर्णयसहित यातायात व्यवसायीलाई एकमुष्ट भुक्तानी दिएको छु ।'

आफूले मानवीयताको नाताले यो सहयोग गरेको पनि शर्माको भनाइ छ । उनले थप भने, 'मेरो यो सहयोग मानवीयताको नाताले, आफू मेलुङ गाउँपालिकावासी भएको हैसितयले सामाजिक दायित्वबोधका साथ गाँउपालिकावासीको उद्धारमा खर्च गरेको व्यहोरा सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।'

### संक्रमण...

सङ्कलन गरेर परीक्षण गर्नुपर्ने माग गरेका छन् ।

भुल्केमा अहिले कोरोना सङ्क्रमित भएका २४ मध्ये १० जना सोही स्थानका स्थानीय बासिन्दा रहेको र धेरै भुल्केका कोरेना सङ्क्रमित स्थानीयवासी गाईघाट बजारमा विभिन्न पसल सञ्चालन गर्ने र सब्जी व्यापार गर्ने गरेको गाईघाट वडा नं १२ का वडाध्यक्ष जयविक्रम राई बताउँछन् । अब भुल्केमात्र नभएर कोरोनाको आशङ्कामा सम्पूर्ण गाईघाटवासीको स्वाब नमूना सङ्कलन गर्नुपर्ने अवस्था आएको र आफूहरुको माग रहेको गाईघाटका स्थानीयवासी बताउँछन् ।

यता त्रियुगा नगरपालिकाका प्रमुख बलदेव चौधरीले भने आवश्यक परे नगरका अन्य क्षेत्रका नागरिकमा पनि कोरोनासम्बन्धी परीक्षण गराउन आफूले अहिले प्रदेश र सङ्घीय सरकारसँग अनुरोध गरिरहेको बताए। उदयपुरमा अहिले भुल्के क्षेत्र मात्र नभएर जिल्लाको चौदण्डी नगरपालिकाको सिवाइको मस्जिद क्षेत्र, जामे मस्जिद र त्रियुगा नगरपालिकाकै देउरी मस्जिदमा समेत भित्रभित्रै कोरोना फैलिएको हुनसक्ने कारण पनि तीव्र रूपमा कोरोना परीक्षणका लागि उपकरण आवश्यक रहेको स्वास्थ्य कार्यालय उदयपुरले बताएको छ । कोरोना जाँच र स्वाब नमूना सङ्कलन गर्ने उपकरण र सामग्री अभाव रहेको उहाँले बताए । गत शुक्रबारमात्रै भुल्केको नुरी मस्जिदमा लुकेर बस्दै आएका १२ भारतीय मुस्लिम नागरिकमा पहिलोपटक कोरोनाको सङ्क्रमण देखिएको थियो । यस्तै बिराटनगर घर भई भुल्केमा अस्थायीरूपमा बस्दै आएका अर्का नेपाली नागरिकमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो भने मङ्गलबार बिहान भुल्केका आठ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो । मङ्गलबार बेलुकी तीन जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यलय उदयपुरले बताएको छ ।

### ओलीद्वारा...

छलफलमा नेता भीम रावलले भने अध्यादेशबारे आपत्ति जनाएका थिए ।

प्रधानमन्त्री ओलीले अध्यादेशबारे प्रष्ट्याए पछि अध्यक्ष प्रचण्डलाई पनि सम्बोधन गर्न आग्रह गरिएको थियो । तर, प्रचण्डले प्रधानमन्त्रीले भनिसकेपछि भइहाल्छ भन्ने जवाफ दिएका थिए। अर्थात्, सांसदहरुसँग प्रचण्ड मौन नै बसेका थिए । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले अब क्रमश सबै प्रदेशका सांसदहरुसँग छलफल गर्ने कार्यक्रम तय गरिएको बताए । उनले भने, "अब क्रमशः प्रदेश-१, बागमती हुँदै सबै प्रदेशका सांसदहरुसँग छलफल हुनेछ ।"

अध्यक्षद्वयले बुधबार नै पार्टी स्थापना दिवसका अवसरमा वक्तव्यहरु जारी गरी पार्टी एकतालाई अझ सुदृढ र बलियो बनाउन र कम्युनिष्ट आन्दोलनको लक्ष्यमा निरन्तर क्रियाशील हुन नेता कार्यकर्तालाई आव्हान गरेक थिऐ। प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी ९नेकपा० का अध्यक्ष केपी शर्मा ओलीले नेकपाको स्थापना दिवस तथा लेनिन जयन्तीका अवसरमा वक्तव्य जारी गर्दै आन्तरिक एकतालाई थप सुदृढ तुल्याइने जनाएका छन् ।

यो दिवसले पार्टीको आन्तरिक एकतालाई थप सुदृढ तुल्याउन र विगत दुई वर्षदेखि जारी एकता प्रक्रियालाई अन्तिम निष्कर्षमा पुर्‍याउन प्रेरणा दिने विश्वास व्यक्त गर्दै उनले बितेका यी वर्षमा नेकपाले निरन्तर रुपमा जनतालाई जागृत र सङ्गठित गर्दै आएको तथा अनेकन् आरोहअवरोह र हण्डर-ठक्करको सामना गर्दै सङ्घर्षको नेतृत्व गरिरहेको स्मरण गरेका छन् ।

अप्रिल २२ ९वैशाख १० गते०, ७१ वर्ष पहिले नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । भ्लादिमिर इल्यिच लेनिनको जन्म दिनमा नेकपा स्थापना भएको थियो। नेपालमा २००६ साल वैशाख १० गते पुष्पलालको नेतृत्वमा नेकपाको स्थापना भएको थियो भने वर्तमान सत्तारुढ नेकपाको गत २०७५ जेठ ३ गते एकता भएको थियो । "सात दशकको अवधिमा लेनिनले स्थापना गरेको सोभियत संघ विघटन भयो तर लेनिनवादी सिद्धान्तको आलोकमा हुर्किएको हाम्रो नेकपा, स्थापनाको सात दशकभित्रै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी शासनको सर्वोच्च स्थानमा नेपाली जनताको अधिकार स्थापित र संस्थागत गर्ने ऐतिहासिक दायित्वको नेतृत्व गर्ने तहमा पुग्यो" प्रधानमन्त्री एवं अध्यक्ष ओलीले भनेका छन्, "पार्टीमा हुर्किएको गुटबन्दी, विभाजन र अराजकतामाथि बिराम लगाउँदै एकता, पुनःर्गठन र सुदृढ एकताको महान अभियानलाइ अघि बढाइयो। सिद्धान्तको अन्धानुकरण र यान्त्रिक प्रयोगको सट्टा सिर्जनात्मक प्रयोग मार्फत मौलिक एवम् सही विचारको विकास र अवलम्बन गर्दै सामन्ती, प्रतिगामी, निरङ्कुश र जनविरोधी शक्तिसँग जुधेर नै नेपाली कम्युनिष्ट आन्दोलनले आजको उचाइ हासिल गरेको हो ।"

कम्युनिष्ट पार्टीले लोकप्रिय मतमार्फत दुई तिहाईभन्दा बढी स्थानमा विजय हासिल गरी मुलुकको प्रमुख र निर्णायक शक्तिका हैसियतमा शासन संचालनको नेतृत्व गर्ने भूमिका पाउनु असाधारण उपलब्धि भएको उल्लेख गर्दै उनले पार्टी स्थापनाको यस अवसरमा संस्थापक सदस्यका साथै अग्रणी विचारकप्रति उच्च सम्मान व्यक्त गरे । सात दशक लामो आन्दोलनका क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने शहीदहरु, निष्ठापूर्वक निरन्तर समर्पित साथीहरु र हसिंया हथौडाअंकित झण्डामुनि गोलबन्द भई संगठित रुपमा योगदान गर्ने न्यायप्रेमी जनसमुदायको उच्च सम्मान गर्दै नेकपामाथि भरोसा गर्दै विश्वास तथा साथ-सहयोग गर्नुहुने सम्पूर्ण नेपाली जनताप्रति हार्दिक कृतज्ञता समेत जाहेर गरेका छन् ।

### विपक्षी...

अगुवाहरुलाई समेत सहभागिता गराउने निर्णय भएको महतले बताए । कोरोना महामारी विरुद्ध एकजुट भएर लड्नुपर्ने बेला सरकारले दल विभाजन नै गर्ने अध्यादेश ल्याएर आम जनस्वास्थ्य माथि गम्भीर खेलबाड गर्ने काम गरेको समेत आरोप लगाएको छ।

प्रतिरोध आन्दोलनको माग

नेपाली काँग्रेसका केन्द्रीय सदस्यहरुले प्रतिरोध आन्दोलन घोषणा गर्न सभापति शेरबुहादुर देउवासँग माग गरेका छन् । संयुक्त विज्ञप्ति जारी गर्दै काँग्रेसका एघार युवा नेताहरुले सरकार विरुद्ध प्रतिरोध आन्दोलनको माग गरेका हुन् । सरकारले शासन सञ्चालनको वैधता गुमाइसकेकाले प्रतिरोध आन्दोलन आवश्यक रहेको उनीहरुले निष्कर्ष निकालेका छन्। केन्द्रीयहरु चन्द्र भण्डारी, धनराज गुरुङ, गगन थापा, कमला पन्त, बद्री पाण्डे, जीवन परियार, रत्ना शेरचन, गुरु घिमिरे, प्रदीप पौडेल, रामकृष्ण यादव र सरिता प्रसाइले संयुक्त विज्ञप्ति जारी गरेका हुन् ।

संकटको घडीमा पार्टीको भूमिकालाई प्रभावकारी बनाउँदै सरकारको रवैया विरुद्ध प्रतिरोध आन्दोलन घोषणा गर्नुपर्ने माग गरेका छन् । मन्त्रिपरिषदबाट सोमबार दल विभाजन सम्बन्धी प्रावधानलाई खुकुलो बनाउने र संवैधानिक परिषदमा विपक्षी दलको नेता नभए पनि निर्णय हुन सक्ने अध्यादेश ल्याइउको छ। अध्यादेशले संविधानले स्थापित गरेको व्यवस्था र लोकतान्त्रिक राजनीतिक प्रणाली मास्ने षडयन्त्र गरेको उनीहरुले ठहर गरेका छन् ।

### वैदेशिक...

कामदार कल्याणकारी कोषको रकम परिचालन गरिहाल्नु आवश्यक छ।'

खाडीमा संक्रमणको दर बढी रहेको र मुस्लिमहरुको पवित्र पर्व रमादान पनि शुरु हुन गइरेको भन्दै सचिव शर्माले खाडीमा कार्यरत अधिकांश कामदारमा प्रमुख रुपमा जागिर र ज्यान के होला भन्ने दुई प्रश्न रहेको बताए । उनले मृतकको राष्ट्रियता नखुलाइने गरेका कारण कोरोना भाइरसबाट ज्यान गुमाउने नेपालीहरुको संख्या यकिन गर्न नसकिएको पनि जानकारी दिए । उनी कतारबाट सम्पर्कमा जोडिएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले भोलिको रोजगारीको चिन्ता नगरी आज ज्यान जोगाउनुपर्ने भएकाले जो जहाँ छ, त्यहीं नै सुरक्षित हुनुपर्ने बताए। उनले वैदेशिक रोजगारीका क्रममा भिसा र करार अवधि समाप्त भएका कामदारहरुलाई तत्काल नेपाल ल्याउने अवस्था नरहेको समेत बताए । हाल भिसा र करार अवधि सकिएका करिब ७० हजार नेपाली विदेशमा अलपत्र परेको अनुमान गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले नै विभिन्न देशका समकक्षीसँग टेलिफोन कुराकानी गरी नेपाली नागरिकहरुको सुरक्षाको बारेमा चासो व्यक्त गरेका कारण नेपालीहरुको सुरक्षामा चिन्ता गर्नु नपर्ने उनको भनाइ थियो ।

खाडीका अन्य देशमा रोजगारी गुमाउने खासै अवस्था नरहेको तर यूएईको सेवा क्षेत्र प्रभावित भएको विषयमा मन्त्रालयलाई जानकारी रहेको भन्दै प्रवक्ता घिमिरेले विदेशमा रोजगारी गुमाएर फर्किने युवा युवतीहरुलाई नेपालमा कृषि लगायतका क्षेत्रमा रोजगारी दिन उद्योग व्यवसायी तथा ट्रेड युनियन प्रतिनिधिहरुसँग छलफल गरिरहेको जानकारी दिए । खाडी तथा मलेसियामा गरी करिब १७ लाख र बाँकी अन्य देशमा २५ लाख नेपाली रहेको प्रवक्ता घिमिरेले जानकारी दिए ।

कोरोना महामारीले नेपाललाई नोक्सान मात्रै नगरेर विदेशमा रोजगारी गुमाएर घर फर्किने कामदारहरुलाई कृषिमा लगाएर खाडीमा खाद्यान्न निर्यात गर्ने ऐतिहासिक अवसर समेत रहेको उनको भनाइ थियो । उनले विदेशबाट फर्किने कामदारहरुलाई कोरोना भाइरसको त्रासबाट मुक्ति दिन मनोसामाजिक परामर्श समेत दिने तयारी गरिएको प्रवक्ता घिमिरेले बताए ।

समाजमा आवद्ध मध्यान्ह दैनिकका सम्पादक मदन कुमार श्रेष्ठ, मध्यान्ह दैनिकमै आवद्ध समाजका महासचिव रेशम राज पौडेल, समाजका सल्लाहकार तथा नागरिक राष्टिय दैनिकका रुद्र खड्का, समाजका सल्ल्लाहकार तथा नयाँ पत्रिका राष्ट्रिय दैनिककी मुना कुँवर, रोजगार मिडियाका सम्पादक उद्धवराज भट्टराई, रेडियो कान्तिपुरकी ईन्द्रलक्ष्मी घिमिरे, अन्नपूर्ण पोष्ट दैनिकका तुलसी सुवेदी, सामुदायिक रेडियो सञ्जालका केशब भुल, नेपाल लाइभ अनलाइनकी निर्मला घिमिरे डिजिटल कन्फरेन्समा सहभागी रहेका थिए ।

त्यसैगरी नयाँ पत्रिका अनलाइनकी अरिश्मा मोक्तान, डिसी नेपाल अनलाइनका विनेश खनाल, विकाश न्युन अनलाइनकी सुनिता पुडासैनी, प्रभाव दैनिकका कार्यकारी सम्पादक कमल राई, आर्थिक दैनिकका प्रविन राउत गरी दर्जन बढी पत्रकार सहभागी डिजिटल कन्फरेन्समा वैदेशिक रोजगारीका क्रममा रहेका कामदारहरुले भोगनु परेका समस्या, उनीहरुको उद्धार राहतका विषयमा प्रश्नहरु राखेका थिए । डिजिटल कन्फरेन्सको सञ्चालन समाजका अध्यक्ष हरि बहादुर थापाले सर्लाहीको हरिवनबाट र मुना कुँवरले काठमाडौंबाट संयोजन गरेकी थिइन् ।

### साउदीमा ...

कामदार वैधानिक रुपमा रहेका छन्। ४ जना नेपाली कामदारमा संक्रमण देखिएकोमा ३ जना निको भई घर फर्किसकेका छन्। कोरोना भाइरस संक्रमणको वर्तमान अवस्था अत्यन्त संवेदनशील र गम्भीर सावधानी अपनाउनुपर्ने प्रकारको भएकाले रोजगारदाताले देखाउने सुविधा सम्बन्धी अवसरवादी प्रस्ताव वा जबरजस्तीलाई वास्ता नगरी आफू जहाँ जुन अवस्थामा रहेको हो सोही आवस्थामा रहन समेत नेपाली दूतावासले अनुरोध गरेको छ ।

दूतावासले जुनसुकै बहानामा बसिरहेको आवासबाट अन्यत्र लैजान खोजेमा अस्वीकार गर्न र जानुपर्ने विश्वसनीय आधार भएमा चालकको भरमा मात्र नभई कम्पनीको प्रतिनिधिको साथमा मात्र जान सूचित गरेको छ। दूतावासले कुनै सहयोग आवश्यक परेमा साउदी प्रहरीको नं ९९९ मा समेत सम्पर्क गर्न अनुरोध गरेको छ ।

पछिल्लो तथ्यांक अनुसार साउदीमा कोरोना भाइरसबाट संक्रमितको संख्या १२ हजार ७ सय ७२ पुगेको छ भने मृतकको संख्या १ सय १४ रहेको छ । साउदीमा कूल संक्रमितहरु मध्ये हालसम्म १ हजार ८ सय १२ जना निको भएका छन् ।

साउदीस्थित नेपाली दूतावासले प्रत्येक दिन कोरोना रोगको संक्रमण, साउदी सरकारका रोकथाम तथा नियन्त्रणका निर्णयहरु लगायतको जानकारी सहितका सूचना जारी गर्दै नेपालीहरुलाई सुरक्षाका सबै उपायहरुलाई अवलम्वन गर्दै कोरोनाका कारण उत्पन्न समस्या व्यवस्थापनसँग राख्न पनि आग्रह गरेको छ ।

# अमेरिकामा ग्रिनकार्ड आवेदन दुई महिनाका लागि स्थगित

**वासिङ्टन, एजेन्सी**-अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी ग्रिनकार्ड प्रक्रियालाई दुई महिनाका लागि स्थगित गर्न कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन् ।

कोरोनाभाइरसका कारण अमेरिकी नागरिकले रोजगारी गुमाउन थालेपछि नागरिकको प्रतिस्पर्धी क्षमता बढाउन अमेरिकामा स्थायी बसोबासका लागि दिइने ग्रिनकार्ड प्रदान गर्ने कार्यमा ढिलाई गर्नु परेको राष्ट्रपति ट्रम्पले बताएका छन् ।

राष्ट्रपति ट्रम्पले कतिपय विशेष परिस्थितिमा भने ग्रिनकार्डका बारेमा केही छुट दिइने पनि बताएका छन्, तर उनले कस्तो अवस्थामा छुट उपलब्ध गराइन्छ भन्ने बारेमा पछि निर्णय गरिने स्पष्ट गरे । राष्ट्रपति ट्रम्पले घोषणा गरेको अस्थायी प्रतिबन्धमा “अस्थायी कामदार” का बारेमा केही उल्लेख छैन ।

ह्वाइट हाउसमा कार्यकारी आदेशमा हस्ताक्षरपछि बोल्दै राष्ट्रपति ट्रम्पले आप्रवासनमा गरिएको अहिलेको प्रतिबन्धले अमेरिकी नागरिकलाई रोजगारीमा पहिलो प्राथमिकता प्राप्त हुने विश्वास व्यक्त गरे । “अर्थतन्त्र खुल्नासाथ विदेशबाट आउने नयाँ आप्रवासी मजदूरले अहिले बेरोजगार बनेका अमेरिकीलाई बिस्थापित गर्नु गलत र अन्याय हुन्छ ।”




अमेरिकी एक अधिकारीले नयाँ नियम अमेरिकामा रोजगार-आधारित ग्रिनकार्डका लागि आवेदन गर्ने तथा अमेरिकी नागरिक भइनसकेका तर ग्रिनकार्ड भएकाका नातेदारले गर्ने आवेदनमा मात्र सीमित हुने बताउनुभयो । उनले अमेरिकी नागरिकले आफ्ना परिवारका सदस्यलाई अमेरिका ल्याउन कुनै समस्या नहुने स्पष्ट गरे । सन् २०१९ मा अमेरिकाले करिब १० लाख ग्रिनकार्ड जारी गरेको थियो । यीमध्ये आधाभन्दा बढी अमेरिकी नागरिकका पतिपत्नी, छोराछोरी र बाबुआमा थिए ।

ग्रिनकार्डमा कडाई गरिए पनि राष्ट्रपति ट्रम्पले बर्सेनि जारी हुने लाखौं गैर-आप्रवासी विदेशी कामदारको भिसामा रोक लगाएका छैनन् । अमेरिकामा फार्म कामदार, स्वास्थ्यकर्मी र सफ्टवेयर प्रोग्रामर समेतका लाखौं व्यक्ति गैर-आप्रवासन भिसामा प्रवेश गर्दछन् ।

माइग्रेसन पोलिसी इन्स्टिच्यूटको अनुमान अनुसार दुई महिनाको प्रतिबन्धको अवधिमा झण्डै १ लाख १० हजार ग्रिनकार्ड उपलब्ध हुने छैन । राष्ट्रपति ट्रम्पले मुलुकको आर्थिक परिस्थितिलाई मूल्याँकन गरी थप निर्णय गरिने पनि बताउनुभएको छ ।

राष्ट्रपति ट्रम्पले लामो समयदेखि वैध र अवैध दुबै किसिमको आप्रवासनमाथि कडाई गर्नुपर्ने भन्दै धारणा अघि सार्दै आएका छन् । यी व्यक्तिले अमेरिकी नागरिकको रोजगारी खोसेको उनको भनाई छ। तर उनले कोरोनाभाइरसको आडमा आफ्नो पुरानो मान्यतालाई स्थापित गर्न खोजेको भन्ने आरोप अस्वीकार गर्नु भएको छ । राष्ट्रपति ट्रम्पले यहीबीच कर सुधारदेखि सीमामा कडाईलाई पनि अघि बढाउनु भएको छ ।

**अमेरिकी सिनेटद्वारा ४ खर्ब ८३ अर्बको बजेट पारित**

यसैबीच, कोरोनाभाइरसका कारण मुख्यरुपमा साना व्यवसायीमाथि परेको आर्थिक संकट समाधान गर्ने उद्देश्यले ह्वाइट हाउसले अघि सारेको ४ खर्ब ८३ अर्ब डलरको आर्थिक प्याकेजलाई अमेरिकी माथिल्लो सदन सिनेटले मंगलबार पारित गरेको छ । यो रकमबाट अस्पताल र कोरोना परीक्षणका लागि पनि खर्च गरिने छ ।

कट्टरपन्थी कतिपय रिपब्लीकन पार्टीका सिनेटरले विरोध गरे पनि उक्त विधेयक सर्वसम्मतिले पारित भएको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीट गर्दै यो विधेयक दुबै सदनबाट जतिसक्दो चाँडो पारित हुने विश्वस व्यक्त गरे । उनले यो विधेयकलाई डेमोक्र्याट पार्टीको वर्चश्व रहेको तल्लो सदनबाट पनि पारित हुनेछ भने । झण्डै दुई साताको मध्यस्थता र ढिलाईबीच कङ्ग्रेस र ह्वाइट हाउसबीच मंगलबार करिब ५ खर्ब डलरको आर्थिक प्याकेजमा सहमति जुटेको थियो ।

सिनेटमा बहुमत पक्षका नेता मिच म्याक्कोनेलले सिनेट जहिल्यै अमेरिकी जनताको पक्षमा उभिएको प्रतिक्रिया दिनुभयो । सिनेटमा अल्पमत (डेमोक्र्याट) का नेता चक सुमरले डेमोक्र्याटको दबाबमा अस्पताल र परीक्षणका लागि पनि रकम व्यवस्था गरिएपछि विधेयक निकै राम्रो भएको बताउनुभयो । उक्त विधेयकमा व्यवस्था गरिएको रकममध्ये ३ खर्ब ३१ अर्ब डलर साना व्यवसायीले कर्मचारीलाई तलब दिने प्रयोजनका लागि ऋण उपलब्ध गराउन खर्च हुनेछ । करिब ७५ अर्ब डलर अस्पतालका लागि उपलब्ध गराइनेछ भने २५ अर्ब डलर कोरोनाभाइरसको परीक्षणमा खर्च हुनेछ ।

यसअघि नै ट्रम्प प्रशासनले अघि सारेको करिब २० खर्ब डलरको आर्थिक प्याकेज कार्यान्वयनमा गइसकेको छ ।

# विदेशी खेलाडीलाई एन्फाको राहत








**मध्यान्ह संवाददाता**
काठमाडौं, १० वैशाख

कोरोना भाइरसका कारण हाल लकडाउनमा रहेका विदेशी खेलाडीलाई अखिल नेपाल फुटबल संघ एन्फाले दैनिक रुपमा आवश्यक हुने खाद्यबस्तु राहत स्वरुप वितरण गरेको छ । नेपालमा खेल्न आएका २८ खेलाडी र प्रशिक्षक हाल कोरोनाको लकडाउनका कारण नेपालमा नै रहेका छन् । उनीहरुको सहयोगका लागि एन्फाले यो कदम चलाएको हो । नेपालमा रहेका विदेशी खेलाडी विभिन्न ए डिभिजन क्लवमा अनुबन्ध रहेका छन । उनीहरुले ए डिभिजन लिग पनि खेलेका थिए ।

एन्फाले हाल काठमाडौंमा रहेका विदेशी खेलाडीलाई राहत स्वरुप सामाग्री बाँडेको हो । जसका लागि एन्फाले आफ्नो सवारीसाधन प्रयोग गरेको थियो । उनीहरुलाई एन्फाले खेलाडी बसेको ठाँउमै पुगेर राहत बाँडेको छ । यसअघि एन्फाल ललितपुर महानगरलाई आफ्नो मातहतमा रहेका दुई वटा एम्बुलेन्स पनि सहयोग गरेको थियो । यस्तै क्वारेन्टाइनका लागि आवश्यक भए एन्फाको सातदोवाटोमा रहेको होस्टेल पनि प्रयोग गर्न दिने जनाएको छ । ललितपुर महानगरपालिकाले एन्फाको होस्टेलका १४ कोठाको अनुगमन पनि गरेका छन् ।


# दक्षिण कोरियामा के लिगको तयारी शुरु




**काठमाडौं, एजेन्सी**-कोरोना भाइरसको संक्रमणमा कमि आएपछि कोरियाली लिगका क्लबहरुलाई अभ्यास खेल खेल्न अनुमति दिइएको छ । के लिगले बुधबारदेखि क्लबहरुलाई बन्द रंगशालाभित्र अभ्यास खेलका लागि खुल्ला गरेको हो । फेब्रुअरीसम्म चीनबाहेक दक्षिण कोरिया कोरोनाबाट सबैभन्दा धेरै प्रभावित थियो । तर, विभिन्न उपाय र प्रविधिको सहयोगमा दक्षिण कोरियाले भाइरस संक्रमणलाई नियन्त्रणमा लिन सफल भएको थियो ।

अहिले विश्वभरका खेलप्रेमीहरु प्रत्यक्ष प्रशारणको भोको भएर बसेका छन् । ब्रोडकास्टरहरु पनि पुनः प्रशारण गरिरहेका छन् । तर, अहिलेसम्म कुनै पनि क्लबले म्याचका लागि औपचारिक जानकारी दिइसकेका छैनन् । म्याचका दौरान खेलाडीलाई एकअर्कासँग बोल्न दिइने छैन । दक्षिण कोरियामा सोमबार नौ जनामा नयाँ संक्रमण देखिएको थियो । लगातार चारदिनसम्म त्यहाँ नयाँ संक्रमितको संख्या २० भन्दा कम छ । दक्षिण कोरियामा अहिलेसम्म १० हजार ६ सय ८३ जना कोरोना भाइरसबाट संक्रमित छन् । दक्षिण कोरियाको सबैभन्दा लोकप्रिय खेल बेसबल हो । बेसबलको अभ्यास खेल भने सुरु भइसकेको छ ।

# बेलायतमा कोरोनाको भ्याक्सिन परीक्षण आज



**लण्डन, एजेन्सी**- बेलायतले कोरोना भाइरसविरुद्धको खोप विकास गर्न आफ्नो सम्पूर्ण क्षमता लगाउने बताएको छ । बेलायतका स्वास्थ्य मन्त्री माट् हानकोकले अक्सफोर्ड विश्वविद्यालयले तयार पारेको भ्याक्सिन विहीबार (आज) देखि मानवमा परीणण शुरु गरिने बताएका छन् ।

उनले बेलायती राष्ट्रिय स्वास्थ्य सेवाका कर्मचारीहरुलाई व्यक्तिगत सुरक्षाका सामानहरुको कमी भइरहेकोले धेरै आपूर्तिकर्ताहरुसँग सम्पर्क गरेको तर आपूर्ति सहज नभएको समेत बताए । १ लाख २९ हजार ४४ संक्रमित बेलायतमा बुधबारसम्म १७ हजार ३ सय३७ जनाको ज्यान गएको छ । बेलायती स्वास्थ्य मन्त्री हानकोकले कोरोना भाइरसको महामारी नियन्त्रणका लागि भ्याक्सिन नै एकमात्र भरपर्दो उपाय भएको बताएका छन् ।

परीक्षण र गल्ती अनुसन्धानको क्रममा संगसंगै अघि बढ्ने प्रकृया रहेको तर बेलायती अनुसन्धान प्रणाली अन्य मुलुकको भन्दा भरपर्दो रहेकाले अन्य मुलुकमा भन्दा बेलायतमा अनुसन्धानका लागि लगानी बढाउनु उपयुक्त हुने दावी पनि गरेका छन् । बेलायताका इम्पेरियल कलेज लण्डन र युनिभर्सिटी अफ अब्सफोर्ड जस्ता दुई प्रमुख विश्वविद्यालयहरु अनुसन्धानमा लागेको भन्दै उनले ल्याब परीक्षणका लागि ४२.५ मिलियन स्टर्लिङ पाउण्ड विनियोजन गरिएको समेत सार्वजनिक गरेका छन् ।

उनले अनुसन्धानमा सम्लग्न बैज्ञानिकहरुले परिणाम ल्याउने गरि उच्चतम परिश्रम गरिरुहेकोसमेत आफुलाई बताइएको बिबिसीलाई बताएका छन् । उनले भने, ‘कोरोना भाइरसविरुद्धको खोप पत्ता लगाउने पहिलो मुलुक म यसमा सबै लगानी लगाउन तयार रहेको छु ।’

स्वास्थ्य मन्त्री हनकोकले चिकित्सकसहित कोरोना भाइरसको उपचारको अग्रमोर्चामा खटिएका स्वास्थ्यकर्मीहरुलाई व्यक्तिगत सुरक्षाका उपकरणहरुको अभाव रहेको भन्ने आरोपको खण्डन गर्दै उनले भने यस्तो संकट भने यसअघि कहिल्यै नदेखिएको स्तरमा रहेको छ । बेलायतका केही स्वास्थ्य उपकरण उत्पादकहरुलेभने संकटको बेलामा सरकारले आफुहरुलाई उपेक्षा गरेको गुनासो गर्ने गरेका छन् ।

उनले बेलायतमा स्वास्थ्य उपकरण उत्पादन गर्ने ८ हजार बढी उद्योग भएपनि सरकारले १५९ उत्पादकहरुसंगमात्र कारोबार गरिरहेको भन्दै चीनबाट खरीद गरिने स्वास्थ्य उपकरणका लागि भने बेलायतले सरकारी स्तरमा जीटुजी संझौता गर्ने जानकारी दिए । बेलायतले केही आरएफ उपकरणभने पानी जहाजमार्फत टर्कीबाट केही समयपछि लैजाने बताएको छ ।

# ‘भारतमा चाँडै क्रिकेट सम्भव छैन’



**मुम्बई, एजेन्सी**- भारतीय क्रिकेट कन्ट्रोल बोर्ड बीसीसीआईका अध्यक्ष सौरब गांगुलीले अब छिट्टै भारतमा क्रिकेट प्रतियोगिता आयोजना गर्ने सम्भावना नरहेको बताएका छन् । कोरोना भाइरसको महामारी विश्वव्यापीरुपमा बढेको र यसको असर भारतमा पनि बढिरहेकाले क्रिकेट प्रतियोगिता नहुने स्पष्ट गरेका हुन् । कोरोनाकै कारण आईपीएल क्रिकेट पनि भारतमा स्थगित भइसकेको छ । उनले अबको केही समयमा पनि कोरोनाको असर समाप्त नभए आईपीएल पनि रद्द हुने प्रष्ट पारे ।

टाइम्स अफ इन्डियासँग कुरा गर्दै अध्यक्ष गांगुलीले पहिलो कुरा ज्यान सुरक्षित राख्नु पर्ने भएकाले पहिला ज्यान त्यसपछि मात्रै क्रिकेट भएको पनि बताए । यस्तै अस्ट्रेलियामा अक्टोबरमा आयोजना हुने टी २० विश्वकप क्रिकेट भारतमा सार्नुपर्ने आवाज उठेका बेला गांगुलीको भनाई सार्वजनिक भएको छ ।

**Rishing Rural Municipality**
**Office of Municipal Executive**
**Tanahun, Gandaki Province Nepal**
**Rishing, Tanahun**

**Invitation for Bids for the Construction of Blacktop Road on Sringapath Road-A**

**Contract Identification No: 07/RRM/TANAHUN/NCB/WORKS/2076/77**
**Date of publication: 23th April 2020.**

1. Office of Rishing Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Blacktop Road on Sringapath Road-A under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 8,904,599.65 (Eight Million Nine Hundred Four Thousand Five Hundred Ninety Nine Rupees and Sixty Five Paisa Only.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rishing Rural Municipality, Kotdarbar-7 Tanahun, rishingmun@gmail.com, 065-620096, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp/,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Kumari Bank Limited Name of Office: Rishing Rural Municipality
   Office Account no.:
   Price for Book Purchase: NRs. 3000 (Three Thousand Only)
   For the purchase of book: Revenue account Ga 4 1 - 0830034554100003
   For the bid security: Security deposit account: Ga 3 - 0830034554100004
4. Pre-bid meeting shall be held at Rishing Rural Municipality Office, Rishing-7, Tanahun, Gandaki Province Nepal at 10th May 2020,14:00 hours.
5. Sealed or electronic bids must be submitted to the office of Rishing Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 22nd May, 2020. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, 23rd May 2020 at the office of Rishing Rural Municipality by a bid security in .pdf format, amounting to NRs. 225,000 (Two Hundred Twenty-Five Thousand Rupees Only), which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**जस्तो सीप उस्तै रोजगार**
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
OXFORD International
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८
**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# निजी आवास पुनर्निर्माणमा ८८ प्रतिशत प्रगति : प्राधिकरण

**मध्यान्ह संवाददाता**
काठमाडौँ, १० वैशाख



राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निजी आवास पुनर्निर्माणमा ८८ प्रतिशत प्रगति भएको बताएको छ। प्राधिकरणले ४ लाख ९४ हजार ४४ अर्थात ६३ प्रतिशत लाभग्राहीको निजी आवास पुनर्निर्माण सम्पन्न भएको र थप १ लाख ९० हजार १ सय ४५ अर्थात २५ प्रतिशत लाभग्राही निजी आवास

पुनर्निर्माणको चरणमा रहेकोसहित समग्रमा ८८ प्रतिशत भएको जानकारी गराएको हो।

२०७२ साल वैशाख १२ गते भूकम्प गएको ५ वर्ष पूरा हुन दुई दिनअघि प्रेस विज्ञप्ति जारी गरी प्राधिकरणले अन्तिम किस्ता भुक्तानीका लागि प्रमाणीकरण गरिएका लाभग्राहीको सङ्ख्या ५ लाख ६१ हजार ६ सय ५० अर्थात ७२ प्रतिशत पुगेको जनाएको छ।

निजी आवास पुनर्निर्माणका क्रममा करिब ५ लाख गुनासो सम्बोधन भएको र प्राधिकरणबाट भएको गुनासो सुनुवाइमा पनि चित्त नबुझ्नेहरूका लागि पुनरावेदन समितिमार्फत समस्या समाधान गर्ने व्यवस्था मिलाइएको प्राधिकरणको भनाइ छ। प्राधिकरणका अनुसार भूकम्पबाट क्षतिग्रस्त कुल ७ हजार ५ सय ५३ विद्यालयमध्ये ५ हजार ५ सय ९८ अर्थात ७४ प्रतिशत विद्यालयको पुनर्निर्माण सम्पन्न भएको छ। १ हजार ४ सय ९२ अर्थात २० प्रतिशत विद्यालय पुनर्निर्माणको क्रममा छन्।

यस्तै ३२ जिल्लाका ९ सय २० वटा सम्पदामध्ये ४ सय २ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भएको छ भने १ सय ४१ वटा सम्पदा पुनर्निर्माणको चरणमा छन्।

काठमाडौँ उपत्यकाभित्रका विश्व सम्पदा क्षेत्रका क्षतिग्रस्त १ सय ७० वटा सम्पदामध्ये १ सय १ वटा अर्थात ५९ प्रतिशत सम्पन्न भएका छन् भने बाँकी ५४ वटा अर्थात ३२ प्रतिशत पुनर्निर्माणको क्रममा छन्।

कुल १ हजार १ सय ९७ वटा क्षतिग्रस्त स्वास्थ्य संस्थामध्ये ६ सय ६९ वटा स्वास्थ्य संस्थाको पुनर्निर्माण सकिएको छ भने १ सय ४५ वटा पुनर्निर्माणको चरणमा छन्। सम्पन्न भएका र पुनर्निर्माण भइरहेका गरी स्वास्थ्य क्षेत्रमा ६८ प्रतिशत प्रगति हासिल भएको छ। कुल ४ सय १५ सरकारी भवनमध्ये ३ सय ४९ वटा अर्थात ८४ प्रतिशत सरकारी भवनको पुनर्निर्माण सम्पन्न भइसकेको छ। ४९ वटा पुनर्निर्माणको चरणमा छन्। तीमध्ये धेरै सम्पन्न हुने चरणमा छन्।

पुनर्निर्माणअन्तर्गत सुरक्षा निकायका १ सय ९४ वटा संरचनाको पुनर्निर्माण सम्पन्न भइसकेको छ भने २२ वटा पुनर्निर्माणको चरणमा छन्।

भूकम्पपछि असुरक्षित स्थानमा रहेका लाभग्राहीमध्ये ४ हजार २ सय ४ लाभग्राहीलाई सुरक्षित आवासका लागि जग्गा व्यवस्था मिलाइएको र ८ हजार ७ सय ४४ भूमिहीन तथा सुकुमबासी लाभग्राहीलाई जग्गा खरिद र अन्य वैकल्पिक व्यवस्थाद्वारा जग्गा उपलब्ध गराई निजी आवास पुनर्निर्माण गर्ने वातावरण मिलाइएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार ४३ वटा एकीकृत बस्तीको योजना स्वीकृत भएको छ भने ९ वटा एकीकृत बस्तीको पुनर्निर्माण सम्पन्न भइसकेको छ। २७ वटाको डिपिआर स्वीकृत भई निर्माणाधीन छन्।

यसरी कुल ७९ वटा एकीकृत बस्ती पुनर्निर्माणको प्रक्रियामा छन्। पुनर्निर्माणका क्रममा विभिन्न जिल्लामा ७ सय ६२ कि.मि. सडक पुनर्निर्माण गर्नुपर्नेमा ४ सय ४३ कि.मि. सडकको पुनर्निर्माण सम्पन्न भइसकेको छ भने बाँकी ३ सय १९ कि.मि. सडकको पुनर्निर्माण अन्तिम चरणमा छ। खानेपानी विभागमार्फत १ हजार वटा खानेपानी योजना सम्पन्न भएका छन भने १ सय वटा खानेपानी योजना कार्यान्वयनका चरणमा छन्। पुनर्निर्माणका क्रममा हालसम्म सरकार र दातृ निकायबाट ३ खर्ब ९ अर्ब रुपियाँ र गैरसरकारी संस्थामार्फत ७२ अर्ब रुपियाँ गरी ३ खर्ब ८१ अर्ब रुपैयाँ खर्च भएको छ।

प्राधिकरणले साढे ४ वर्षका बीचमा राजनीतिक अस्थिरता, दक्षिणी सीमामा भएको नाकाबन्दी, जनशक्ति र वित्तीय स्रोतको अभाव, भौगोलिक विकटता, सङ्घीयता कार्यान्वयनको सङ्क्रमणकालीन अवस्था, तीन तहका सरकारको निर्वाचनमा केन्द्रित हुनुपरेको अवस्था, कर्मचारी समायोजन जस्ता समस्या तथा चुनौती सामना गर्दै पुनर्निर्माण र पुनर्स्थापनामा उपलब्धिहरू हासिल गरेको दाबी गरेको छ।

सबै क्षेत्रमा स्थिति सहज भएको भए पुनर्निर्माण र पुनर्स्थापनामा यो भन्दा अझ धेरै उपलब्धि हासिल गर्न सक्थ्यौँ तर त्यो विगत भइसकेको प्रेस प्राधिकरणले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यतिबेला कोभिड(१९ अर्थात कोरोना भाइरसको महामारीले विश्वव्यापीरूपमा प्रभाव पारेको र नेपालमा पनि १ महिनादेखि लकडाउन जारी रहेको उल्लेख गर्दै प्राधिकरणले त्यसले गर्दा पुनर्निर्माणका कार्यमा असर परेको बताएको छ।

विज्ञप्तिमा अगाडि भनिएको छ पुनर्निर्माण र पुनर्स्थापनाका क्षेत्रमा द्रुत गतिमा काम जारी रहेका बेला कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि सिर्जित नयाँ खालको परिस्थितिले पुनर्निर्माण र पुनर्स्थापनाका कार्य गम्भीररूपमा प्रभावित भएका छन्। मानिसको जीवन रक्षाका सामु अरू

विषय गौण बनेका छन्। स्थिति सहज हुनासाथ पूर्ववत् अवस्थामा नै पुनर्निर्माणका कार्य हुनेछन्।

प्राधिकरणका अनुसार आवश्यक वित्तीय स्रोतको व्यवस्थापन, पहिलो किस्ता लिई अझै पनि घर पुनर्निर्माण सुरु नगरेकालाई घर पुनर्निर्माण गर्ने वातावरण सिर्जना, जीविकोपार्जनका थप कार्यक्रम सञ्चालन गरी जनतालाई आर्थिकरूपले सम्पन्न बनाउने कार्य, तल्लो तहमा व्यावहारिकरूपमा

देखापरेका समस्या समाधानलगायतका समस्या तथा चुनौती त पहिले पनि थिए। कोरोनाले पारेको प्रभावले पुनर्निर्माण र पुनर्स्थापनाका बाँकी काम सम्पन्न गर्न चुनौती थपिदिएको छ। भूकम्प स्वयंले भन्दा पनि मानव निर्मित कमजोर भौतिक संरचनाहरूले क्षति पुर्‍याउने कुरा हामीले २०७२ सालको भूकम्पका कारण बुझिसकेका छौँ।

पछिल्लो समयमा भूकम्प प्रतिरोधी संरचनाहरू बनाउनुपर्छ भन्ने चेतनाको स्तर निकै बढेको छ। सुरक्षित नेपालको सपना साकार पार्न नेपालभर नै पुराना कमजोर संरचनाहरूको प्रबलीकरण गर्दै नयाँ बन्ने सबै संरचना भूकम्प प्रतिरोधी बनाउने कार्यलाई तीव्रता दिन जरुरी छ, प्रेस विज्ञप्तिमा उल्लेख छ।

# अनुगमन नहुँदा औषधिमा कालोबजारी

**रमेश गिरी/रासस**
काठमाडौँ, १० वैशाख

कोरोना भाइरसका कारण देशभर लकडाउन भएको बेलामा औषधि व्यवसायीले भने औषधिजन्य सामग्रीमा कालोबजारी गर्न थालेका छन्। एकातिर औषधि पसलले कालोबजारी गर्ने र अर्कोतर्फ वडावडामा रहेका स्वास्थ्यचौकीले सामान्य स्वास्थ्य सेवासमेत नदिइ अभद्र व्यवहार गर्ने गरेको पाइएको छ।

सूर्यविनायक नगरपालिका-१० चित्तपोल स्वाथ्यचौकीले स्थानीयवासीलाई सेवा नै नदिइ अभद्र व्यवहार गर्ने गरेका छन्। स्वास्थ्यचौकीमा उच्च रक्तचाप मापनका लागि गएका स्थानीय मुरारी नगरकोटीलाई स्वास्थ्यकर्मीले गेटबाटै फर्काइदिएका छन्। ढोका बन्द गरेर भित्र बसेका स्वास्थ्यकर्मीले बिरामी हेर्दै नहेरी फर्काउने गरेको गुनासो गर्दै उनले भने, "टाउको निकै दुखेर रक्तचाप परीक्षण गर्न गएँ, सबै स्वास्थ्यकर्मी ढोका बन्द गरेर बसेका छन्, रक्तचाप परीक्षण गर्न मिल्दैन र भित्र आउन पनि मिल्दैन भनेर बाहिरैबाट फर्काइदिए।"

ज्वरो आएको मापन गर्दै औषधि लिन सोही स्वास्थ्यचौकी गएका स्थानीय लक्ष्मीभक्त खाताखोले स्वास्थ्यकर्मीले अभद्र व्यवहार गरेको गुनासो गरे। उनले भने, "ज्वरोआको जस्तो लाग्यो, जाँच गरेर औषधि ल्याउनुपर्‍यो भनेर चित्तपोल स्वास्थ्यचौकी गएँ, ढोका बन्द थियो, भित्र स्वास्थ्यकर्मी आफैँ थर्मलगनले ज्वरो नापेर जिस्किएर बसेका थिए, मैले ज्वरो नाप्नुपर्‍यो, औषधि लानुपर्‍यो भन्दा सिटामोल भित्रबाट बाहिर फ्याँकिदिए, ज्वरो नापेनन्।" स्वास्थ्यकर्मीले छोइन्छ भनेर औषधि बाहिर फ्याँकिएको भन्दै उनीहरूबाटै अभद्र व्यवहार हुने र ज्वरोसमेत नाप नहुने भएपछि यस्ता स्वास्थ्यचौकीको अर्थ नभएको उनको भनाइ थियो।

त्यसो त जिल्लाका सबै नगरपालिकाले प्रत्येक वडामा रहेको स्वास्थ्यचौकीमा थर्मलगन, पिपिइ र औषधिको व्यवस्था गरे पनि अधिकांश स्वास्थ्यचौकी भने दिनमा चार घण्टा खुल्ने र आएका बिरामीको परीक्षण र परामर्श नदिने गरेको गुनासो आएको छ। त्यस्तै जिल्लाका कतिपय अस्पतालमा सञ्चालित फार्मेसीदेखि, औषधि पसल र क्लिनिकले औषधिको मनोमानी मूल्य लिएको गुनासो व्यापक आए पनि अनुगमन नहुँदा उपभोक्ता मारमा परेका छन्।

बढी मूल्यमा सर्जिकल मास्क बिक्री गरेको पाइएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भक्तपुरको लोकन्थलीस्थित समिट अस्पतालको फार्मेसीलाई कारवाही गर्‍यो। अनुगनमका क्रममा बढी मूल्य लिइ मास्क बेचेको पाइएपछि सो फार्मेसीलाई गत शुक्रबार विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम तत्काल रु दुई लाख जरिवाना गरिएको थियो। समिट अस्पतालको फार्मेसी एउटा नमूना मात्रै हो। यस्ता धेरै फार्मेसीले अचेल औषधिमा कालोबजारी गरे पनि सम्बन्धित निकायलाई कुनै चासो नभएको उपभोक्ता बताउँछन्।

"लोकन्थलीको समिट अस्पताल अवैधरूपमा सञ्चालनमा छ, त्यहाँ धेरै प्रक्रिया पुगेका छैनन्, उपचार पनि हुँदैन, बोर्ड मात्रै राखेर किन अस्पताल चलाउँछन्, अनुगमन गर्नुपर्‍यो भनेर जिल्ला स्वास्थ्य कार्यालय प्रमुखलाई पटक-पटक भन्यौँ तर चासो दिनुभएन", मध्यपुरथिमि-१ लोकन्थलीका समिर भट्टले भने। कोरोना सङ्क्रमणको अहिलेको महामारीको अवस्थामा जिल्लाको यो अस्पतालले के गरिरहेको छ भन्नेबारेमा जिल्ला प्रशासन कार्यालयदेखि स्वास्थ्य कार्यालयले समेत चासो नदिएको स्थानीयवासीको गुनासो छ।

भक्तपुरमा सञ्चालित अस्पतालहरूको केही दिनअघि अनुगमन गरे पनि लोकन्थलीको समिट अस्पतालको भने कुनै अनुगमन भएन। यो अस्पतालका बारेमा अख्तियारदेखि सर्वोच्चसम्ममा उजुरी पर्दा पनि जिल्लाको अनुगमन गर्ने निकाय भने नदेखेझैँ गरेर बस्नुले शङ्का उब्जाएको लोकन्थलीका श्यामसुन्दर कार्की बताउँछन्।

भक्तपुरका अधिकांश औषधि पसलमा अहिले बालबालिकाको दमको लागि प्रयोग हुने औषधि, क्यान्सर, मुटुरोगी, मिर्गौलाका बिरामीले प्रयोग गर्ने औषधि बजारमा अभाव सिर्जना गरेको उपभोक्ताको गुनासो छ।



सूर्यविनायक नगरपालिका-२ बालकोटका आरती कार्कीले औषधि पसलमा मनोमानी मूल्य लिने गरेको गुनासो गरे। उनले भने, "एक त औषधि पसलमा सिकारु मान्छे राखेका छन्, औषधिको नाम नै जान्दैनन्, अर्कोतर्फ औषधिको मूल्य मनोमानी लिएका छन्, औषधि अभाव भइसक्यो, औषधि आउन छाडेकाले समस्या छ, भन्ने गरेका छन्, यसमा कसैलाई चासो छैन।"

छड्के अनुगमन गर्ने हो भने धेरै औषधि पसल कारवाहीमा पर्ने दाबी गर्नुहुन्छ राष्ट्रिय उपभोक्ता मञ्च भक्तपुर अध्यक्ष मनोज थापा। उनले औषधि व्यवसायीले सुरक्षाका सामग्री मास्क, पञ्जा, स्यानिटाइजरमा मनोमानी मूल्य लिइरहेका र अत्यावश्यक औषधिमासमेत निर्धारित मूल्यभन्दा बढी लिएको गुनासो आएको भनाइ छ। मानवीय स्वास्थ्यसँग जोडिएको औषधि पसल तथा क्लिनिकमा छड्के अनुगमन गर्दै लकडाउनको बेलामा गलत गर्नेलाई कारवाहीको दायरामा ल्याउनुपर्नेमा झन् अनुगमन नै नगरेको उनको गुनासो छ।

कतिपय निजी अस्पतालले बिरामी नै नलिने गरेको, कतिपय फार्मेसीमा औषधि छैन भन्दै कम औषधि बढी मूल्यमा बिक्री गर्ने गरेका, स्वास्थ्य सामग्री नक्कली बिक्री गर्ने गरेको, औषधिजन्य वस्तुमा कालोबजारी गर्ने गरेको र प्रत्येक वडामा रहेका स्वास्थ्य तथा उपस्वास्थ्य चौकीले समेत स्वास्थ्य परीक्षण नगरी फर्काउने गरेको गुनासो व्यापक आएको उनको भनाइ छ। ज्वरो आएको बिरामी त अहिलेको अवस्थामा स्वास्थ्यचौकीदेखि अस्पतालसम्मले ढोकैबाट फकाउने गरेको चौतर्फी गुनासो आएको छ। कोरोना सङ्क्रमणबाहेक अन्य रोगका बिरामीले समेत उपचार नपाउने अअस्था आएको उपभोक्ता मञ्चका अध्यक्ष थापा बताउँछन्।

# भारतबाट २३ टन औषधि सहयोग



**काठमाडौँ/मस-** नेपाल सरकारलाई भारतले कोभिड-१९ सङ्क्रमणको रोकथाम र उपचारका लागि सहयोगस्वरुप १८ प्रकारका औषधि उपलब्ध गराएको छ। भारतले उपलब्ध गराएको २३ टन औषधिमा इन्जेक्सन, डेस्ट्रोज र हाइड्रोक्सिक्लोरोक्विनलगायत छन्।

स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाललाई नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले बुधबार ती औषधि हस्तान्तरण गरेका हुन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री ढकालले कोभिड-१९ विरुद्ध विश्व नै लडिरहेका बेला छिमेकीबाट नेपाली जनता र सरकारको प्रयासमा ऐक्यबद्धता जनाउन प्रदत्त सहयोगप्रति आभार व्यक्त गरे।

उनले भने, 'सङ्क्रमण र जोखिमका हिसाबले नेपालभन्दा भारत अप्ठेरो लडाइँमा रहेको छ। आफूलाई परेको अप्ठेरोका बाबजुत भारतका तर्फबाट नेपालप्रति जे सद्भाव र सदिच्छा राखिएको छ, त्यसप्रति धन्यवाद दिन चाहन्छु।' चीनबाट शुरु भएको कोभिड १९ को प्रकोप फैलँदै भारत आइपुगेपछि नेपाल पनि उच्च जोखिममा छ भनेर गरिएको तयारी र सावधानीलाई नेपाल सरकारले एक स्तरमाथि पुर्‍याएको मन्त्री ढकालले जानकारी दिए।

उनले भने, 'नेपालको हकमा औषधिजन्य सामग्रीमा प्रतिबन्ध नलाग्ने भन्ने भारतीय सरकारको निर्णयले दुई देशबीचको सम्बन्ध अरु बलियो तुल्याएको छ।' सो अवसरमा राजदूत क्वात्राले भारतीय सरकारका तर्फबाट उपलब्ध गराइएका औषधि सहयोगको एक उदाहरण भएको बताए।

कोरोना रोकथाम र नियन्त्रणका लागि स्थापना गरिएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन( सार्क) कोषमा नेपालबाट गरिएको योगदानको प्रशंसा गर्दै उनले कोभिड-१९ विरुद्धको लडाइँमा रहेको नेपाललाई पहिलो चरणमा यी औषधि उपलब्ध गराइएको बताए।

# मेगा बैंकका ग्राहकलाई घरमै औषधि

**काठमाडौं/मस**–मेगा बैंक नेपाल लिमिटेडका ग्राहकहरुले घरमै बसेर विशेष छुटमा औषधिहरु खरिद गर्न सक्ने भएका छन्।

देशव्यापी लकडाउनको विषम परिस्थितिमा पनि बिभिन्न सेवा-सुविधा प्रदान गर्दै आएका मेगा बैंकले ग्राहकहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै केन फार्मेसीसँग घरमै औषधि पुर्याउने व्यवस्था मिलाएको हो। औषधि खरिदमा मेगा बैंकका मोबाइल बैंकिङ तथा डेबिट र क्रेडिट कार्डबाहक ग्राहकहरुलाई १० प्रतिशतसम्मको आकर्षक छुट दिने सहमति भएको छ। मेगा बैंकका ग्राहकहरुले काठमाडौंको तिनकुनेस्थित केन फार्मेसीको ०१-४१०६८६०, ९८४९०९८०० मा फोन गरी वा केनको आधिकारिक फेसबुक पेजमा सन्देश पठाएर आफूलाई आवश्यक औषधि खरिद गर्न सक्नेछन्।

कोरोनाभाइरसका कारण जारी देशव्यापी लकडाउनका कारण औषधि खरिद गर्न अप्ठेरो भइरहेको वर्तमान परिस्थिति तथा रोग संक्रमणको जोखिमलाई पनि ध्यानमा राख्दै केन फार्मेसीसँग यो सम्झौता गरेको मेगा बैंकले जनाएको छ। घरमै बसेर बिना झन्झट औषधि खरिद गर्ने सुविधा उपभोग गर्न मेगा बैंकले ग्राहकहरुलाई अनुरोध पनि गरेको छ।

यसका साथै, मेगा बैंकले लकडाउनमा पनि देशव्यापी एटिम नेटवर्क, डिजिटल तथा अनलाइन बैंकिङ सेवाका साथै नगद काउन्टर, रेमिट्यान्स, एलसी ग्यारेन्टी सेवाहरु उपलब्ध गराउँदै आएको छ।

# कोरोना रोकथाम कोषमा २ अर्ब ११ करोड

**काठमाडौं/मस**–कोरोना भाइरस सङ्क्रमण नियन्त्रण तथा उपचारका कोषमा अहिलेसम्म रु दुई अर्ब ११ करोड ६५ लाख ५८ हजार २७५ सङ्कलन भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार हिजो मङ्गलबार मात्र रु एक करोड ३५ लाख तीन हजार ४२० कोषमा जम्मा भएको छ।

मङ्गलबार एभरेष्ट बैंकले रु ६० लाख, राष्ट्रिय योजना आयोगबाट रु चार लाख ६६ हजार २३०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रहरी कर्मचारीको तर्फबाट रु तीन लाख ९२ हजार ९१३, भेरी प्राविधिक शिक्षालय रु दुई लाख ९४ हजार ८५५, न्याय हेल्प नेपाल रु दुई लाख ७१ हजार २०, नाम नामेसी नखुलेका तथा रु एक लाखभन्दा कम सहयोग गर्ने विभिन्न व्यक्ति र संस्थाबाट रु ४५ लाख ५८ हजार ५९ सङ्कलन भएको छ। सरकारले कोभिड-१९ को रोकथाम र नियन्त्रणका सहयोग पुर्‍याउन कोष स्थापना गरेको हो। कोषमा सङ्कलन भएको रकम रोकथाम र नियन्त्रणका लागि सरकारले खर्च गर्ने छ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**